१२४६।८५८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६२७/०७२/०७३

निर्णय नं. ८५८

महोत्तरी जिल्ला, खयरमारा-६ घर भै हाल काठमाडौं-३२ बस्ने राजु ढकाल.........................१ पुनरावेदक

विरुद्ध

कार्यालय प्रमुख, राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौं..........................................१ विपक्षी

सूचना अधिकारी, राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौं.........................................१

विषय : सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

महोत्तरी जिल्ला, खयरमारा-६ घर भै हाल काठमाडौं-३२ बस्ने राजु ढकालले राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराइपाऊँ भनी यस आयोग समक्ष मिति २०७२।१२।१८ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।१२।२९, च.नं. ११८० को पत्रबाट सूचना किन उपलब्ध गराईएन भनि लेखि गएको । तत् पश्चात् पनि राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौंले सूचना उपलब्ध नगराएकाले मिति २०७३।०१।१३, च.नं. १२३८ मा सूचना उपलब्ध गराउन ताकेता गरे पश्चात् उक्त राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७३।०१।०५, च.नं. ३७० को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना आयोगमा प्रेषित गरी बोधार्थको माध्यमबाट पुनरावेदकलाई जानकारी गराइएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम् ।